
# लेखापरीक्षण प्रतिवेदन

# फिक्कल गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# फिक्कल गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/787

श्रीमान् अध्यक्षज्यू,

फिक्कल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/787

श्रीमान् अध्यक्षज्यू,

फिक्कल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब १७ करोड ३१ लाख ३९ हजारको लेखापरीक्षणबाट रु.१ करोड ९८ लाख ७८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४८ लाख ३० हजार सम्परीक्षण भई नियमित गर्नुपर्ने रु.१ करोड ४३ लाख ९८ हजार र पेश्की बाँकी रु.६ लाख ५० हजार गरी जम्मा रु.१ करोड ५० लाख ४८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.८ करोड ३९ लाख ५३ हजार मध्ये रु.४ करोड १० लाख ७० हजार सम्परीक्षण भई सम्परीक्षणबाट थप रु.१ लाख ४५ हजार र यस वर्षको थप रु.१ करोड ५० लाख ४८ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.५ करोड ८० लाख ७६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

### ३.	अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन रसोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४.	वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही रयथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५.	वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६५ | ३५ | १,९८,७७,९६४ | ० | २६ | ४८,२९,४९६ | ० | ६५ | ९ | १,५०,४८,४६८ | ० | १,४३,९८,४६८ | ० | ० | ० | १,४३,९८,४६८ | ६,५०,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | ८,३९,५२,८९७ | | ४,१०,६९,६४८ | ४२८८३२४९ | १४५००० | १,५०,४८,४६८ | ५८०७६७१७ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | २२ | स्थानीय भत्ताः | २,६२,९०० |
| २ | २०८१/८२ | २३ | समपूरक अंशः | ३१,५८,८७६ |
| ३ | २०८१/८२ | ८ | पेश्की बाँकी- | ६,५०,००० |
| ४ | २०८१/८२ | १२ | दोहोरो अनुगमन भत्ताः | १८,३६० |
| ५ | २०८१/८२ | ५४ | खर्च प्रमाण पेश नगरेकोः | ६,७१,००० |
| ६ | २०८१/८२ | २९ | एजविल्ड नक्सा | ५०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ३०.१ | आन्तरिक लेखापरीक्षण- | १८,३६० |
| ८ | २०८०/८१ | ६७ | बढी दरमा सेशन - | २३,९७० |
| ९ | २०८०/८१ | ५ | फरक शिर्षकबाट खर्च - | ८२,३०,४५७ |
| १० | २०८०/८१ | ५४ | पूर्वनिर्धारित क्षतिपूर्ति - | ५८,९१२ |
| ११ | २०८०/८१ | ५५.१ | पालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमा - | १८,००,००० |
| १२ | २०८०/८१ | ८५.३ | पारिश्रमिक कर - | २,८०० |
| १३ | २०८०/८१ | ८८ | पाठ्य पुस्तक - | ८६,३३४ |
| १४ | २०८०/८१ | ४४ | कार्यसम्पादन जमानत - | २३,४१,००० |
| १५ | २०७९/८० | २५ | पेस्की बाँकी | १,४०,००० |
| १६ | २०७९/८० | २२ | कर्मचारी व्यवस्था | १,०९,९७,३७६ |
| १७ | २०७८/७९ | ५४.६,५४.७ | स्वास्थ्य कार्यक्रमतर्फः | २,८७,७३६ |
| १८ | २०७८/७९ | २२ | भुक्तानी बाँकी कच्चावारीः | ७०,२२,९२९ |
| १९ | २०७८/७९ | २४ | पेश्की व्यवस्थापन | ७,९५,००० |
| २० | २०७८/७९ | नखुलेको | विभिन्न | ८,३०,३२४ |
| २१ | २०७८/७९ | २६ | ढुवानी खर्च | ५७,१५० |
| २२ | २०७७/७८ | १६.२ | शिक्षा | ४,६६० |
| २३ | २०७७/७८ | १०.१ | बजेट तथा कार्यक्रम | २४,५०,००० |
| २४ | २०७७/७८ | २५.६ | प्रशासनिक तथा कार्यक्रम | ८,००,००० |
| २५ | २०७७/७८ | २१.८ | ठेक्का व्यवस्थापन | ४८,४१,००० |
| २६ | २०७७/७८ | २६.४ | कृषि | ३,००,००० |
| जम्मा | | | | ४,५८,९९,१४४ |

# फिक्कल गाउँपालिका, सिन्धुली

# ( ८०३२५५०४३०० )

# फिक्कल गाउँपालिका , सिन्धुली

## परिचय

१

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।३० देखि २०८२।८।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ व्ययतर्फ रु.१ अर्ब १७ करोड ३१ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८२३३२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता वितरण पश्चात वैंकमा बाँकी रहेको रकम फिर्ता | ८२३३२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षणः**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन
गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको
सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन
(म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको आ.व २०८१।०८२ को एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ

फिक्कल गाउँपालिका

आर्थिक वर्ष २०८१/२०८२

आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ति | | | भुक्तानी | |
|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम |
| सुरु मौज्दात | | ३५२३५११५.८२ | चालु खर्च | |
| १.संचित कोष | २४२२७७००.१ | | १. पालिका तर्फ | १३३३५ |
| २.धरौटी | ९०७९८६१.९१ | | २. संघीय सशर्त | २०९३७ |
| ३.कार्यसञ्चालन कोष/कर्चारी कल्याण कोष | ६४१५६७ | | ३. संघीय विशेष | १२४०८ |
| ४. अन्य कोष/विविध खर्च खाता | १२८५९८६.८१ | | ४. प्रदेश सशर्त | ७१२२९ |
| ५. अन्य कोष/प्रकोप व्यवस्थापन खाता | - | | ५. प्रदेश विशेष | |
| यस वर्षको आय | | ११९०८८५४.१ | पुँजीगत खर्च | |
| १.आन्तरिक आय विभाज्य कोषको आय समेत | ११९०८८५४.१ | | १. पालिका तर्फ | ५८११० |
| | | | २. संघीय सशर्त | १८००० |
| २. वित्तीय हस्तान्तरण (संघ) | | | ३. संघीय विशेष | ११००० |
| क) समानीकरण अनुदान | ७२६७३९२० | | ४. संघीय समपुरक | - |
| ख) राजस्व बाँडफाँट | ७९१२७७४५.२ | | ५. प्रदेश सशर्त | ९१३८२ |
| ग) सशर्त अनुदान | २३३७३६००० | | ६. प्रदेश विशेष | ७७०६२ |
| घ) समपुरक अनुदान | - | | ७. प्रदेश समपुरक | ११४५९ |
| ङ) विशेष अनुदान | २३५००००० | ४०९०३७६६५.२ | अन्तर सरकारी अख्तियारी (संघ) | |
| च) रोयल्टी | - | | क) सामाजिक सुरक्षा | ६९४३७ |
| छ) अन्य | - | | ख)विद्यालय शिक्षा क्षेत्र योजना | २०५८० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | | ग)स्थानीय तह प्रशासकीय भवन | २६००० |
| क) समानीकरण अनुदान | ७०३५००० | | घ)रोजगार प्रवर्द्धन कार्यक्रम | २०१७२ |
| ख) राजस्व बाँडफाँट | २४८०२८६०.९३ | | | |
| ग) सशर्त अनुदान | १७६३८००० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ५०००० |
| घ) समपुरक अनुदान | २००००००० | | ऋण फिर्ता(साँवा) | |
| ङ) विशेष अनुदान | ८०००००० | ७७४७५८६०.९३ | ऋणको ब्याज भुक्तानी | |
| च) रोयल्टी | | | धरौटी फिर्ता तथा सदर स्याहा | २५३८५ |
| छ) अन्य | | | कार्यसञ्चालन कोषबाट भएको खर्च | - |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | | अन्य कोषबाट भएको खर्च | १२८२३ |
| क) सामाजिक सुरक्षा | ६९४३७५९४ | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | |
| ख)विद्यालय शिक्षा क्षेत्र योजना - (प्रदेश तथा स्थानीय तहका लागि) | २०५८००० | | अन्य सहयोगमा सञ्चालित योजना | |
| ग)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | २६००००० | | अन्य खर्च भएमा | |
| घ)रोजगार प्रवर्द्धन कार्यक्रम | २०१७२ | ७४११५७६६ | अनुदान फिर्ता | |
| | | | १. संघ तर्फ | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ५००००० | ५००००० | क) सशर्त अनुदान | २२५५८ |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | ख) विशेष अनुदान | ९१९१३ |
| ७. धरौटी आय | ३३९०३७६ | ३३९०३७६ | ग) समपुरक अनुदान | - |
| ८.कार्यसञ्चालन कोष/कर्चारी कल्याण कोष | - | - | २. प्रदेश तर्फ | |
| ९. अन्य कोष/विविध खर्च खाता | ४०६९२६९.३५ | ४०६९२६९.३५ | क) सशर्त अनुदान | १३७६८ |
| १०. अन्य कोष/प्रकोप व्यवस्थापन खाता | ८३२९०४३ | ८३२९०४३ | ख) विशेष अनुदान | २९३७७ |
| ११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | ग) समपुरक अनुदान | ८५४०५ |
| १२. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | अन्तिम मौज्दात | |
| १३. अन्य आय भएमा | | | १. संचित कोषको मौज्दात | २८२६५ |
| | | | २. धरौटी | ९९३१७ |
| | | | ३. कार्यसञ्चालन कोष | ६९१५६ |
| | | | ४. अन्य कोष | ८६११५ |
| जम्मा | | ६२४०६१९५०.४ | जम्मा | |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६९४३७५९४।-, विद्यालय शिक्षा क्षेत्र सुधार योजना कार्यक्रमको रु.२०५८०००।-, रोजगार प्रर्वद्धन कार्यक्रमको रु. २०१७२।- र स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रु.२६०००००।- समेत गरी रु.७४११५७६६।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको एकिकृत आर्थिक विवरण अनुसार रु.३५२३५११५.८१मौज्दात रहेकोमा यो वर्ष

रु.३५२३५११५.८१ नै जिम्मेवारी सारेको छ। जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा घटी/ बढी जिम्मेवारी सारेको देखिएन।

२.४ **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरी वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | |
|---|---|---|---|---|
| टिप्पणी ६.३ श्रेस्ता तथा बैक मौज्दातको विवरण | | | | |
| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028000000 | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028100000 | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028200000 | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028400000 | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028600000 | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028700000 | ग २.७, विविध खर्च खाता | ७,०५,९७९.८१ | ७,०५,९७९.८१ |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028800000 | ग ३.१, स्थानीय तह धरौटी खाता | ९९,३१,७३७.४८ | ९९,३१,७३७.४८ |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000028900000 | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २,८२,६५,५११.१३ | २,८२,६५,५११.१३ |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000005900000 | ग ५.१, स्थानीय तह विविध कोष खाता | ६,९१,५६७.०० | ६,९१,५६७.०० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000029000000 | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| प्राईम कमर्सियल बैंक लि. | 7801000000029200000 | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १,५५,१७५.०० | १,५५,१७५.०० |
| | | जम्मा | ३,९७,४९,९७०.४२ | ३,९७,४९,९७०.४२ |

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री राजु बरालले मिति २०८१।३।१० मा रु. ५३ करोड १० लाख ६३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१७ मा प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

३.३ **योजना प्राथमिकीकरण** — स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कुल १५१ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **विवरण** | **योजना संख्या** | **रकम** (रु. हजारमा) |
|---|---|---|---|
| १. | रु.१ लाखभन्दा कमको योजना | ७४ | ३४०० |
| २. | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | ४१ | ८२३५ |
| ३. | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | ९ | ३८५० |
| ४. | रु.१० लाख माथिका योजना | २३ | ८३७२९ |
| | **जम्मा** | **१४७** | **९९२१४** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४७ योजनामात्र कार्यान्वयन भई ४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३.४ **लक्ष्य प्रगति** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ को उपनियम १ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने एवं नियम ३६मा प्रगति त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गरी प्रकाशन गरी प्रगति कम भएमा सोको समीक्षा गरी सुधार गर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्थाको साथै विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले सञ्चालन गरेका स्थानीय स्तर योजनाको प्रगति विवरण निम्नानुसार रहेको छः

| **कार्यक्रम/ योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%** | **५०%** | **७५%** | **७५%** |
| **कार्यक्रम संख्या** | १४७ | ४ | ५ | २ | १० | १२६ |

३.५

**क्षेत्रगत बजेट र खर्चको स्थिति** — स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| | | रकम रु. हजारमा | | |
|---|---|---|---|---|
| क्र.स | क्षेत्र | बजेट | खर्च रु | खर्चको तुलनामा खर्च प्रतिशत |
| १ | आर्थिक विकास | १८३०२ | १७६७८ | ३.८३ |
| २ | सामाजिक विकास | ३०११०५ | २७१८११ | ५८.९ |
| ३ | पूर्वाधार विकास | १०७७६९ | ८४३४१ | १८.२८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९६२१ | ६६६३ | १.४४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | १०४०६७ | ८०९७९ | १७.५५ |
| जम्मा | | ५४०८६४ | ४६१४७३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु.५४०८६३८८० मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५८.९० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.४४ सबै भन्दा घटी प्रतिशत खर्च रहेको छ।

३.६ **त्रैमासिक पूँजीगत खर्च**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु. हजारमा)** | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | **आषाढ महिनाको खर्च** |
| पुँजीगत खर्चतर्फ | ९९२१४ | २३२९ | १३५५५ | २५२९५ | ५८०३४ | ४०९०८ |
| प्रतिशत | १०० | २.३५ | १३.६६ | २५.५० | ५८.४९ | ४१.२३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.९९२१४३७१ निकासा भएकोमा प्रथम त्रैमासिकमा २.३५ प्रतिशत, दोस्रो त्रैमासिकमा १३.६६ प्रतिशत, तेस्रो त्रैमासिकमा २५.५० प्रतिशत र चौथो त्रैमासिकमा ५८.४९ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र ४१.२३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ४ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको छैन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको छ,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ,

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन,

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन,

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको छ,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन,

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

५ **नाफामूलक संस्थालाई अनुदान**

सार्वजनिक खरिद ऐन,, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ। कार्यालयले नियमित प्रकृतिका निर्माण तथा आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा त्रिवेणी सामुदायिक बचत तथा ऋण सहकारी संस्थाबाट भवन मर्मतको कार्यको लागि रु ५७०२११ अनुदान दिएको देखिन्छ । नियमित र चालु प्रकृतिको कार्य गर्ने सक्षमता यस निकायमा रहँदा रहँदै क्षमताको विश्लेषण नगरी गैर सरकारी निकायहरु मार्फत कार्य गराउँदा प्रतिपर्धा सिमित हुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुदा सरकारी नर्म्स पालना नगरेको र प्रभावकारीताको विश्लेषण वेगर खर्च गरेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७०,२११ |

६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम १०२ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएका व्यहोरा निम्न छन्

- पालिकाले सार्वजनिक व्यवस्थापन प्रणाली (PAMS) मा सबै सम्पत्तीको प्रविष्टि नभएको, पूर्ण रुपमा प्रणालिको प्रयोग नभएको र यो आर्थिक वर्षबाट सुरुवा गरिरहेको जनाएको छ ।

- सार्वजनिक व्यवस्थापन प्रणाली (PAMS) मा सबै सम्पत्तिको दाखिला नभएकोले सम्पत्तिको अवस्था के कस्तो छ भनि यकिन हुन सकिएन ।

## ७ कानून निर्माण एवं कार्यान्वयन

७.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म १८ वटा ऐन, २ वटा नियमावली, ६१ कार्यविधि लगायत ८१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ८१ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ।

७.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको १० गरी कुल १४ विवाद दर्ता भएकोमा १४ वटा नै फस्यौंट भएको पाइयो।

७.३ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा २१वटा विवरण दाखिला गरेको छैन र ९ वटा सहकारी निष्कृय रहेका छन्। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## ८ पेश्की बाँकी-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१३३०००० बाँकी रहेको देखिन्छ।सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.६५०००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०८२/०३/०३ | पोषणमैत्री गाउँपालिका घोषणा कार्यक्रम | अजय सुनुवार | १३०००० | ० | १३०००० |
| २ | २०८२।३।२५ | पोषणमैत्री गाउँपालिका घोषणा कार्यक्रम | संदीप उपाध्याय | ४००००० | ० | ४००००० |
| ३ | २०८२/०३/२५ | गाउँपालिकाको गान र लोगो निर्माण | रुपा रमौली | १५०००० | ० | १५०००० |
| ४ | २०८१/०८/२४ | झगरे लिफ्ट सिचाइ तथा नदि नियन्त्रण फिक्कल ५ | हिमानी /काव्य कन्स्ट्रक्सन सेवा | ० | ६५०००० | ६५०००० |
| **कुल जम्मा** | | | | **६८००००** | ६५०००० | **१३३००००** |

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ६,५०,००० |

९ **राजश्व तथा आन्तरिक आय**

९.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५३५१३७९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु. ८२०१९१५ अर्थात अनुमान भन्दा ५३.२६ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

९.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५७२३६००० | ८२०१९१५ | ३.१८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६४.०७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ थप पहल गर्नुपर्दछ।

९.३ **कर तथा शुल्क असुली** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानीशीर्षक | अनुमान | आम्दानी | असूली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ०.०० | ४५५७ | अनुमान नभएको |
| २ | भुमिकर/ मालपोत | ६००००० | १३१०६०८ | २१८ |
| ३ | वहाल कर | २००००० | २०३७६९ | १०२ |
| ४ | वहालविटौरी कर | १००००० | २७९६०० | २८० |
| ५ | व्यवसायलेभुक्तानी गर्ने | १००००० | ०.०० | ० |
| ६ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कर | १००००० | ७१३८५३ | ७१४ |
| ७ | अन्य कर | १९३९३८० | ३३२७२१ | १७ |
| ८ | अन्यनिकायबाट प्राप्त लाभांश | ०.०० | ३००० | अनुमान नभएको |
| ९ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | ७२०० | अनुमान नभएको |
| १० | अन्यबिक्रीबाट प्राप्त रकम | १००००० | ३२८९० | ३३ |
| ११ | अन्य सेवाशुल्क तथा बिक्री | ०.०० | ९७०५० | अनुमान नभएको |
| १२ | न्यायिकदस्तूर | ०.०० | ११०० | अनुमान नभएको |
| १३ | परीक्षाशुल्क | ०.०० | १९४००० | अनुमान नभएको |
| १४ | यातायातक्षेत्रको आम्दानी | ०.०० | ८७००० | अनुमान नभएको |
| १५ | अन्यप्रशासनिक सेवा शुल्क | ५००००० | २६१६९० | ५२ |
| १६ | नक्सापासदस्तुर | १०००० | ०.०० | ० |
| १७ | सिफारिशदस्तुर | ५००००० | ४२९४०० | ८६ |
| १८ | व्यक्तिगतघटना दर्ता दस्तुर | १६०००० | २०९९०० | १३१ |
| १९ | नाताप्रमाणित दस्तुर | १००००० | १८३०० | १८ |
| २० | अन्यदस्तुर | २००००० | ११९२०० | ६० |
| २१ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २००००० | ९०००० | ४५ |
| २२ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ०.०० | ५००.०० | अनुमान नभएको |
| २३ | अन्यक्षेत्रको आय | ०.०० | ७७००७ | अनुमान नभएको |
| २४ | प्रशासनिकदण्ड जरिवाना र जफत | १००० | २२००४६० | २२००४६ |
| २५ | अन्यराजस्व | ५४०००० | ५९१३८१ | ११० |
| २६ | सरकारी घरजग्गा गुडवील बिक्रीबाट प्राप्त रकम | ०.०० | १५९१३१ | अनुमान नभएको |
| २७ | व्यवसाय कर | ०.०० | ४६६५० | अनुमान नभएको |
| २८ | बेरूजू | १००० | ७३०९४९ | ७३०९५ |
| | **जम्मा** | **५३५१३८०** | **८२०१९१६** | **१५३** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

९.४ **व्यवसाय कर** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९०००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## १० **नियन्त्रण वातावरणको विश्लेषण**

१०.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१०.२ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०८१।०८२ मा कन्टीन्जेन्सी बापत रु.३११४६३७ खर्च गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको निम्नानुसार रहेको छः

| **खर्च शीर्षक** | **खर्च रकम** |
|---|---|
| बैठक भत्ता | ८०७९७० |
| सूचना प्रकाशन खर्च | ७९१७५३ |
| भ्रमण खर्च | १२१२०५ |
| खाना खाजा लगायत | ७३७९० |
| सवारी साधन मर्मत | ४९९६२९ |
| कार्यालय सञ्चालन सम्बन्धि सामाग्री खरिद | ८२०२९० |
| **जम्मा** | ३११४६३७ |

१०.३ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण लागत रकम | कार्यान्वयनको अवस्था रहेको |
|---|---|---|---|---|---|
| गाउँपालिका भवनको आन्तरिक सजावट लगायतका कार्यहरु | ग्यालेक्सी इञ्जिनियरिंग ट्रेड लिंक प्रा.लि. | ५००००० | ४४६३५० | २३१४२५९७ | कार्यान्वयन भएको |
| झगरे लिफ्ट सिंचाई निर्माण | रिपल ट्रेनिंग एण्ड कन्सल्टेन्सी सर्भिस प्रा.लि. | ५००००० | ४९२००० | ३३६८१६८८ | कार्यान्वयन भएको |
| नवलपुर चण्डी भन्ज्याङ लिफ्ट खानेपानी | ए.आर एस कन्सल्टेन्सी प्रा.लि. | ५००००० | ४८८००० | १४५८८१८७ | कार्यान्वयन भएको |
| दमार कोल्ड स्टोर | यशश्वी इञ्जिनियरिंग सोलुसन प्रा.ली. | ५००००० | ४९६००० | २३१७४६१० | कार्यान्वयन भएको |
| | जम्मा रु | २०००००० | १९२२३५० | ९४५८७०८२ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। अध्ययन प्रतिवेदन तयार भएका ४ आयोजनाहरु कार्यान्वयनको चरणमा रहेका छन्।

१०.४ **गुरुयोजना-** सार्वजनिक खरिद ऐन,२०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९९२१४३७१ पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१०.५ **सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन-कुनमा हो भनी यकिन हुन सकिएन ।

| **विवरण** | **संख्या/ लाभान्वित** |
|---|---|
| घटना दर्ता | ८४१ |
| घरबाटो सिफारिष | १७४ |
| नागरिकता सिफारिष | ४६८ |
| नाता प्रमाणित | १८३ |
| अन्य | ४५३९ |
| सडक ढलान | ७३ मि. |

१०.६ **सार्वजनिक परीक्षण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।पालिकाले ३ पटक सार्वजनिक परीक्षण गराइ रु.२४०८४५ खर्च गरेको छ।

११ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२ **दोहोरो अनुगमन भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१३ **जिन्सी व्यवस्थापन तर्फः**

१३.१ **जिन्सी निरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

१३.२ **जिन्सी प्रतिवेदन-** सरकारी सम्पत्ती तथा जिन्सी मालसामान व्यवस्थापन सम्वन्धमा दखिएका व्यहोरा देहाय अनुसार छन्। आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायीत्व निमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखेको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण

गरी/गराई स्वीकृत ढाँचा अनुसार नियम ९९ को उपनियम २ बमोजिम खुलाउनु पर्ने भनी उल्लेख गरिएका सबै कुरा खुलाइएको सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन।ऐनको व्यवस्था बमोजिम गर्नुपर्दछ।

१३.३ **जिन्सी लिलाम मर्मत-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम ३ तथा ४ र नियम १०६ मा जिन्सी मालसामानको मर्मत सम्भार संरक्षण र लिलाम विक्री गर्ने व्यवस्था रहेको छ। पालिकाले जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी कारबाही गरेको छैन। नियमावलीमा उल्लेखित व्यवस्था र प्रकृया पुरा गरी लिलाम बिक्री तथा मिन्हा सम्बन्धी निर्णय गरी कारबाही टुग्याउनुपर्दछ ।

## १४ आर्थिक सहायता तथा अन्य विविध खर्च

१४.१ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२६००००० खर्च गरेको छ।

१४.२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १४७ व्यक्तिहरुलाई रु.५००० देखि रु.२५००० सम्मका दरले रु. १७५४००० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.८२०१९१५ को २१.३९ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

## १५ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| कृषि अनुदान | | | |
|---|---|---|---|
| **कार्यक्रमको नाम** | **अनुदान प्रतिशत** | **लाभग्राही/ फर्म** | **अनुदान रकम** |
| पोखरी निर्माण | ४०-६० | १०४ घरधुरी | १५६०००० |
| प्लास्टिक टनेल | ४०-६० | ५ वटा प्रा.वि. | ५०००० |
| फलफुल विरुवा-<br>लिचि-३००<br>आँपा-१०५०<br>जुनार-७५०<br>सुन्तला-७४५<br>कागती-६०० | १०० | ५४४ घरधुरी | ३००००० |
| | **जम्मा** | **६५३** घरधुरी | **१९१००००** |
| **पशु अनुदान** | | | |
| सुधारिएको गोठ निर्माण १०००० | ५० | ३०० घरधुरी | ३०००००० |
| | **जम्मा** | **३०० घरधुरी** | **३००००००** |
| **खानेपानी तथा सरसफाई क्षेत्र** | | | |
| जुठेल्नो निर्माण-<br>सिमेन्ट- २ बोरा<br>ड्रम-१०० लि. | १०० | ५६९ घरधुरी | २०४९९८९ |
| | **जम्मा** | **५६९ घरधुरी** | **२०४९९८९** |
| | **कूल जम्मा** | **१५२२ घरधुरी** | **६९५९९८९** |

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु.६९ लाख ६० हजारको अनुदान १५२२ जना लाभग्राहीलाई वितरण गरेको छ। लाभग्राही छनौट पारदर्शी एवम् प्रतिस्पर्धी विधि अपनाईएको रविगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराईएको छ भनि आश्वस्त हुने गरी अद्यावधिक अभिलेख राखेको छैन। पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको यकिन गर्न समेत सूचांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार गर्ने, वेबसाईटमा सार्वजनिकीकरण गर्ने, अनुदान वितरणको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१६ **मर्मत अभिलेख किताबः**

तीनै तहका निकायहरुका लागि लागू हुने गरी आफ्नो आर्थिक कारोबारको प्रकृति अनुसार आर्थिक प्रशासनको चक्रमा समावेश हुने आधारभूत पक्षहरुलाई समावेश गरी समग्र लेखा ढाँचाका नयाँ सरकारी लेखा फारामहरु(म ले प फारामहरु) स्वीकृत गरेको छ । जसमध्ये पूँजीगत, सार्वजनिक सम्पत्ति मर्मत, सम्भार र संरक्षण आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत सम्भार तथा संरक्षण अभिलेखको लागि म.ले.प.फा.नं.४१५ मा तोकिएको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र ब्याकलोडर मर्मतमा रु.५०१९९५० खर्च लेखेकोमा स्वीकृत ढाँचा अनुसार अभिलेख राखेको छैन। मर्मत कार्य गर्नुअघी सामानको विवरण, पहिचान नं, अनुमानित मर्मत लागत, मर्मत गर्नुपर्ने कारण, वारेन्टी अवधि भए नभएको, अगाडी मर्मत गराएको पटक र त्यसमा लागेको रकम, यस अघि मर्मत गरेको अवधि लगायत विवरण सम्बन्धित शाखा प्रमुख र प्राविधिकको सिफारिसको आधारमा आवेदन फाराम नं ४१४ स्वीकृत गर्नुपर्नेमा गरेको छैन।आवेदन फाराम स्वीकृत पश्चात मर्मत गर्दा फेरिएको सामानको विवरण र मूल्य, मर्मत गर्दाको अन्य खर्चको विवरण र मूल्य, जम्मा लागत खुल्ने गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख म.ले.प.फा.नं. ४१५ राख्नुपर्नेमा सो समेत राखेको छैन।रीतपूर्वकको आवेदन फाराम र अभिलेख नराखेको कारण गरिएको मर्मत कार्य र सोमा भएको खर्चलाई तुलनात्मक विश्लेषण गर्न

सकिएन। स्वीकृत ढाँचा बमोजिम अभिलेख राखी पूँजीगत, सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी सम्पत्तिको सञ्चालन र संरक्षण गर्ने गराउने कार्य गर्नुपर्दछ ।

१७ **इन्धन खर्च-**

सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका२०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/ पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयमा ७ वटा चार पाङ्ग्रे र १९ वटा दुई पाङ्ग्रे सवारी साधन सहित २६ सवारी साधन रहेकोमा कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.४९६०४३२ कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१८ **सूचना प्रकाशन खर्चः**

सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था छ। त्यसैगरी विज्ञापन नियमन गर्ने ऐन, २०७६को दफा २१को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बापतको रकम सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल वमोजिम नियम ५ख. बमोजिमको दररेटको आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ। तर पालिकाले पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चको लागि रु ५३४४२५खर्च भएको मा माथिउल्लेखित प्रावधानको पालना गरेको देखिएन। पालिकाले उल्लेखित नियम पालनामा ध्यान दिनुपर्दछ।

१९ **खेलकुद कार्यक्रमः**

सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी खेलकुद संचालन गर्ने संस्था तथा व्यक्तिबाट कार्यक्रमको लागत अनुमान तयार नगरी, कार्यक्रम सञ्चालनको अख्तियारी नदिएको कार्यक्रमलाई विल तथा भरपाइको आधारमा भुक्तानी दिएको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रम तर्फ रु २७६५९९२ खर्च गरेको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रमको भुक्तानी दिँदा सार्वजनिक खरिद ऐन नियमको पालना हुने गरी लागत अनुमान तयार भएको कार्यक्रम सञ्चालनको अख्तियारी दिएका कार्यक्रमको मात्र भुक्तानी गर्नुपर्दछ।

२० **शून्य प्रगति भएका कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा १ मा उपाध्यक्ष/ उप प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था रहेको छ। यसले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतको विषय उल्लेख भएको छ। पालिकाबाट बजेट तर्जुमा गर्दा पालिकाको आवश्यकता तथा खर्च गर्न सक्ने क्षमताको आधारमा आधारमा बजेट निर्माण गर्नुपर्नेमा पालिकाले १२ वटा कार्यक्रम/ आयोजना/ क्रियाकलापमा रु २१६०००० बजेट विनियोजन गरेकोमा कार्यक्रम संचालन गरेको छैन। कार्यान्वयन गर्न सकिने गरी वजेट तथा कार्यक्रम निर्माण गर्नुपर्दछ।

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. ५ हजार देखि १ लाख सम्मको दरले रु.१५००००० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ८२०१९१५ को १८.२८ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२२ **स्थानीय भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१५,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **११,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **समपूरक अंशः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,१५८,८७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **प्रतिस्पर्धा सीमित-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले बाढी वर्षात र पहिरोबाट माटो पन्छाउने लगायतका सडक सरसफाइ, मर्मत र निर्माण जस्ता एकै प्रकृतिको कार्य विभिन्न पार्टीहरुबाट पटक पटक कार्य गराइ रु.६९४१५३५ खर्च गरेको छ। एउटै वडामा पर्ने र नजिक रहेका दुई वा सोभन्दा बढी वडा जोडिएका विभिन्न स्थानमा प्रतिस्पर्धात्मक खरिद विधिबाट कार्य गर्नुपर्नेमा प्रतिस्पर्धा सीमित हुनेगरी खरिद कार्य गरेकोले नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. मिति | भूक्तानी पाउने | लागत अनुमान रु. | भूक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| विभिन्न भौचर | इम्पावर ट्रेडिङ प्रालि | नखुल्ने | १८७२४०९ | ब्याकहो लोडरको इन्धन खर्च |
| ४-०८१।९।१० | थापाकाजी कन्स्ट्रक्सन | ७८४४५७ | ६१८५२५ | वडा नं ५ को कार्य |
| ८-०८१।११।२० | सिर्थौली मुनाही कन्स्ट्रक्सन | ९९९९६३ | ९९९१४२ | वडा नं १ को कार्य |
| १०-०८१।११।२० | शेर कन्स्ट्रक्सन एण्ड कन्भे प्रालि | ३७१३२२ | ३४६१७९ | वडा नं ६ को कार्य |
| १५-०८१।११।२२ | शेर कन्स्ट्रक्सन एण्ड कन्भे प्रालि | ३६९८१९ | १६५५९७ | वडा नं ६ को कार्य |
| १४-०८१।११।२० | शेर कन्स्ट्रक्सन एण्ड कन्भे प्रालि | २५९२७७ | ११८१९२ | वडा नं ६ को कार्य |
| १६-०८१।११।२० | बालकोट विल्डर्स | ६४३९६६ | ४१०६८४ | वडा नं २ को कार्य |
| १८-०८१।११।२१ | पहाडी निर्माण सेवा | ४४०५७६ | ४३८९०३ | वडा नं ४ को कार्य |
| २४-०८१।१२।८ | मायादेवी कन्स्ट्रक्सन एण्ड एम्वियोट प्रालि | १२७४४८० | ८९७११२ | वडा नं ५ को कार्य |
| २५-०८१।१२।८ | एमसीपी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १०६२०४८ | ६९४६२७ | वडा नं २,४,५ को कार्य |
| जम्मा | | | ६५६१३७० | |

| | |
|---|---|
| अनियमित भएको | ६५,६१,३७० |

२५ **टोल विकास संस्था मार्फत कार्य-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सीमित प्रतिस्पर्धा हुने गरी सोझै खरिद गर्न नहुने, रु.१० लाख भन्दा बढी रु.२० लाखसम्म खरिद वा निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्ययमबाट गर्न सकिने र सो भन्दा वढीको कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा टोल विकास संस्था मार्फत कार्य गराउन सक्ने व्यवस्था रहेको देखिदैंन। पालिकाले टोल विकास संस्थामार्फत देहाय बमोजिम निर्माण कार्य गराई रु.८४६९८४२ भुक्तानी गरेको छ। प्रतिस्पर्धाविना टोल विकास संस्थामार्फत एक भन्दा धेरै योजना निर्माण गरी भुक्तानी दिएको देखियो। नियमावलीको उल्लेखित व्यवस्था बमोजिम दरभाउपत्र वा बोलपत्रको माध्यमद्धार नगराई टोल विकास संस्थामार्फत निर्माण कार्य गराएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. मिति | योजनाको नाम | टोल विकास संस्था | लागत अनुमान | भूक्तानी |
|---|---|---|---|---|
| ४२-०८१।९।१२ | सडक मर्मत वडा नं. ९ | खोला गाउँ टोल विकास | २००००० | १८४००० |
| ५९-०८१।१२।५ | मन्दिर घेराबार | तल्लो चनौटे टोल विकास | १५५८४४ | १४१००० |
| ५९-०८१।१२।५ | गोपे खोलामा सिँचाइ कूलो | तल्लो चनौटे टोल विकास | ३११०२०० | ९०००० |
| ६०-०८१।१२।५ | साउनेपानी कमलबोटे सडक | खानी गाउँ टोल विकास | १५२३१४ | १४०८०५ |
| ९३-०८१।१२।२९ | मोटरबाटो दुलालटोल | सुनहरी टोल विकास | २०५९१० | १५८५०६ |
| ११४-२०८२।२।७ | सिउटेनी सडक निर्माण | खोलागाँउ टोल विकास | १५३५०९ | १३२१७८ |
| १३४-०८२।२।२६ | देविटार सिँचाइ कूलो | तल्लो चनौटे टोल विकास | ३१०२०० | २८१२२५ |
| १५८-।०८२।३।५ | गोरेटोबाटो | माथिल्लो चनौटे टोल विकास | १३९४७८ | १३४७४८ |
| १६५-।०८२।११ | ओखेनी मोटरबाटो | खोलागाउँ टोल विकास | १५३७४३ | ११९७०१ |
| १६९-०८२।३।१२ | खुलेवारी सिँचाइ कूलो | खोलागाउँ टोल विकास | २६१६९० | २३४२४९ |
| २००-०८२।३।२४ | फिक्कल चुचुरो पार्क निर्माण | माथिल्लो चनौटे टोल विकास | १०४३२२५ | ९२९२२५ |
| | | जम्मा | ५८८६११३ | २५४५६३७ |

| | |
|---|---|
| अनियमित भएको | २५,४५,६३७ |

२६ **अधुरो कार्य-**

स्वीकृत लागत अनुमान रु.१९९९८४७८।१२ भएको झगरे लिफ्ट सिचाई नदी नियन्त्रण कार्यको लागि (ठेक्का नं. FRM/ SINDHU/ WORKS/ NCB/ 05/ 081/ 082) लागि सबैभन्दा घोटी कबुल गर्ने निर्माण व्यवसायी हिमानी/ काव्य कन्स्ट्रक्सन सेवा प्रणालीसँग रु.१२८१२२७६।२५ (मू.अ.कर र पि.एस. समेत) मा कार्य २०८२।३।१६ मा सम्पन्न गर्ने गरी २०८१।८।२४ मा सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नअनुसार छन्।

निर्माण व्यवसायीलाई दुईपटक गरी रु.२४००००० मोविलाईजेशन पेस्की दिएकोमा निजले पेश गरेको प्राइम कमर्सियल वैंबाट जारी भएको म्याद अवधि २०८२।२।१० सम्म रहेको रु.२५६२०० बराबरको अग्रिम भुक्तानी बैंक जमानतको म्याप सकिएको अवस्था छ। मोबिलाइजेसन पेस्की दिएको मध्ये रु.११००००० फछ्र्यौट भइ रु.१३००००० पेश्की बाँकी रहेकोमा सो रकम बराबरको म्याद रहेको एपिजि पेश हुनुपर्दछ। सम्झौता बमोजिम उक्त कार्यभित्र २०८२।३।१६ भित्र सम्पन्न गरिसक्नु पर्नेमा हालसम्म सम्पन्न हुन नसकी अधुरो रहेको छ। म्याद थपको लागि निर्माण व्यवसायीबाट पालिकामा निवेदन पेश नभएको पालिकाको कार्यसूचारु गर्न २०८२।५।९ मा पत्राचार गरेकोमा निर्माण व्यवसायी सम्पर्कमा नआएको कारण उक्त कार्य अधुरो रहेको अवस्था छ।

- उक्त कार्यको हालसम्म जम्मा रु.६९४९९४६ (७६-०८१।१२।१९) कार्य परिमाणको भूक्तानी भएको छ।
- सम्झौता बमोजिम ६ महिना १५ दिनमा कार्य सम्पन्न गर्ने गरी ठेक्का बन्दोबस्त गरेकोमा ठेक्का सम्पन्न भएको छैन। निर्माण व्यवसायी सम्पर्कमा नरहेको, म्यादथको निवेदन समेत पेश नगरेको कारण सो सम्बन्धी कुनै निर्णय भएको देखिएन।
- अतः सम्झौताको जेसिसीको बुँदा नम्बर ७ बमोजिम ठेकेदारले पेश गरेको कार्यतालिका बमोजिम कार्यनगरी ३० दिन कार्य बन्द गरेकोमा ठेक्का टर्मिनेट गर्न सकिने व्यवस्था रहेकोमा सो व्यवस्था र प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम निर्माण कार्य व्यवस्थापन गर्नुपर्दछ।

२७ **हेफर प्रोजेक्ट नेपाल**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि र पशु' बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बीच रु.५२००००० लागत साझेदारीमा मिति २०८१।२।१८ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७८।८।३ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७५ प्रतिशत ले हुने रकम रु. ३९०००००।- पालिकाले र बाँकी २५ प्रतिशतले हुने रकम रु.१३००००० हेफरले व्यहोर्ने व्यवस्था गरेको छ। यस परियोजना अन्तर्गत यस पालिकाबाट हेफर प्रोजेक्ट नेपाललाई खर्चको विल भरपाई तथा खर्चको फाटबारी पेश

गरेको आधारमा आ.व. २०७८।०७९ मा रु.९००००००, आ.व.२०७९।८० मा रु. ७५४५००० र आ.व२०८०।०८१ मा रु. ८६५४३३२ समेत तीन आर्थिक वर्षमा रु २५८४९३९२ खर्च भएकोमा गत वर्षको भुक्तानी दिन बाँकी रु.६५०००० यस आर्थिक बर्षमा भुक्तानी भएको छ। हेफर इन्टरनेशनलसँग बहुवर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन। यस सम्बन्धमा देखिएका वेहोराहरु निम्नानुसार छन्

(क) पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको नियम संगत देखिएन।

(ख) पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुऱ्याउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

(ग) पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य मानव तथा राष्ट्रिय विकास समाज दधौली सिन्धुली मार्फत गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको बुँदा न ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन्।

(घ) सम्झौताको वुँदा नं.७.२ .६ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वस्त हुन सकिएन । पालिकाबाट कार्यक्रमको उपलब्धिले कृषकहरुको जीवनस्तरमा सकरात्मक प्रभाव पारेको बारेमा विष्लेशण गरी तथ्याङ्कीय प्रतिवेदन तयार भएको छैन।

(ङ) सम्झौता बमोजिम पालिकाले हेफरलाई प्रत्येक वर्ष दिएको भूक्तानी र साझेदार संस्थाले सम्बन्धित वर्षमा गरेको आर्थिक कारोबारको वास्तविक र यथार्थ चित्रण हुने लेखापरीक्षण प्रतिवेदन समेत प्राप्त गरी निकासा दिएको रकम सदुपयोग भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अग्रीम कर कट्टी र दाखिला गरेको नगरेको खरिद कार्य खरिद ऐन नियम बमोजिम भए नभएको पालिकाले स्वयंले यकिन गर्नुपर्दछ।

२८ **गैरसरकारी संस्थागत साझेदारी**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा गैरसरकारी संस्थाबाट काम गराउने सकिने व्यवस्था अन्तर्गत जन चेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदै छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता,किसिम,समायवधि,कामको गुणस्तर,जनशक्ति,कार्य सञ्चालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने र ९९(२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ व २०८१।८२ मा निम्नानुसारका खानेपानि आयोजना सञ्चालन गर्न नेपाल स्वास्थ्यको लागि

पानी(NEWAH) नामक गैर सरकारी संस्थासंग संस्थाकै प्रस्तावना बमोजिम सम्झौता गरी आयोजनाको कुल लागत अनुमान को तयार गरेर दक्ष मिस्त्री ज्याला, सामाग्री खरिद,बालुवा ढुवानी ज्याला,जडान,पाईपलाईन जस्ता सामानमा खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेको देखिएको छ। कार्यसम्पन्न पश्चात भुक्तानी क्रममा पालिकाले लागत व्यहोर्ने कार्यको मात्र कार्यसम्पादन प्रतिवेदन पेश गर्ने गरेको देखिएकोले पुरै कामको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।

| आयोजना | कुल लागत | जनश्रमदान | नेवा योगदान | पालिका योगदान | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| तल्लो चनौटे खानेपानी योजना उ.स. | १७१५३९९ | २९१९३४ | ९५८७०१ | ४६४७६५ | ४५२८३६ |
| खाङसाङ खानेपानी योजना उ. स. | १४२४३४३६ | ३८०१५८१ | ६८९९९८५ | ३५४१८७० | ३४२४९८४ |

## २९ एजविल्ड नक्सा

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ३० आन्तरिक लेखापरीक्षण-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेको छ ।आन्तरिक लेखापरीक्षणबाट कायम भएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै असुल फछ्र्यौट गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म असुल फछ्र्यौट भएको नदेखिएकोले देहाय बमोजिम व्यहोराहरु प्रतिवेदनमा समावेश गरिएको छ।

### ३०.१ दोहोरो अनुगमन भत्ताः

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

### ३०.२ सवारी साधन नविकरणमा जरिवानाः

कार्यालयमा रहेका सवारी साधनहरु नविकरण गर्दा विलम्ब भुक्तानी गरेको कारणले जरिवाना तिर्नु पर्दा कार्यालयलाई थप आर्थिक भार परेको छ। रकम विनियोजन भएको अवस्थामा पनि समयमै भुक्तानी नगरेको कारण पालिकालाई देहाय अनुसार रु २५३२५ थप व्ययभार परेकोले समयमै शुल्क बुझाउने र नविकरण गर्ने गर्नुपर्दछ।

| गो.भौ.न/ मिति | सवारी साधनको विवरण | जरिवाना रकम |
|---|---|---|
| ७६/ २०८१/ ०८/ १७ | ब-१५०१ समेत ८ वटा सवारी साधनको जरिवाना भुक्तानी | १२२२५ |
| ६८०/ २०८२/ ०३/ ३० | ००२-ब-६८७५ समेत ७ वटा | १३१०० |
| | जम्मा | २५३२५ |

३१ **उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य**

३१.१ **प्राविधिक बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मुल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुका साथै नापी र कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

३१.२ **आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मतसंभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भइसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका योजनाहरु सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत तोकी हस्तान्तरण गर्ने गरेको पाइएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

३१.३ **उपभोक्ता समितिबाट भएको कार्यको लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स तथा दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेका योजनाहरूमा लागत अनुमान तयार गर्ने र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गर्ने गरेको देखिन्छ । हालसम्म पालिकाले निर्माणतर्फ आफ्नो छुट्टै दररेट स्वीकृत गरेको छैन । पालिका अन्तर्गत गरिने निर्माण कार्यमा सडक र भवन विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको छ । जसको कारण स्थानीय बजारमा न्यूनतम दरमा पाइने सामाग्रीको समेत् उच्चदर राखि लागत अनुमान तयार हुने गरेको छ । पालिकाले समानुकुल र स्थानीय बजार दर समेतलाई ध्यानमा राखि आफ्नै स्थानीय दररेट स्वीकृत गरी मितव्ययी तरीकाले निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।

३१.४ **नापी किताव** - निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं.५०३ महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको विवरण र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको विस्तृत अभिलेख सहित नापी किताब नराखि लुज सिटमा रनिङ्ग बिल वाइज नापी पेश गर्ने गरेको देखियो। पालिकाले बिल वाइज पेश भएको नापीमा अघिल्लो बिलसम्मको काम भनि उल्लेख गरेको कामको परीमाण र रकमलाई थप विश्लेषण र भिडान गर्न सकिने गरि नापी किताब अद्यावधिक गर्नुपर्दछ।

३२ **तलवी प्रतिवेदन**-

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन,२०५३, तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, र शिक्षा ऐन,२०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकामा कार्यरत ५१

स्थायी कर्मचारीको रु.३२७७६२४० तलब खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३३ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ।स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७ मा स्थानीय तहको सभाले पारित गरेको संगठन संरचना वा दरवन्दी सभाबाट पारित भएको मितिले १ महिनाभित्र पद कार्यविवरण प्रदेश किताबखानामा दर्ता गर्नुपर्ने र किताबखानाबाट दर्ताको जानकारी प्राप्त भएपछि मात्र दरबन्दी स्वीकृत हुने व्यवस्था रहेकोमा पालिकाले गाउँसभाबाट स्वीकृत गरेको दरबन्दी प्रदेश किताबखानामा दर्ता गरेको देखिएन। पालिकाले गरेको O&M मा २०८ जना कर्मचारीको दरवन्दी गाउँसभाबाट स्वीकृत गरी प्रदेश किताबखाना दर्ता गरेको छैन। पालिकाले (२०८२ आषाढ मसान्त सम्म) १४५ कर्मचारी पदपूर्ति गरी रु ५२८०५१९३.३२ खर्च गरेको छ।गाउँसभाबाट स्वीकृत दरवन्दीलाई कानूनी प्रक्रिया पुरा गरेर मात्र पदपुर्तीको व्यवस्था गर्नुपर्दछ।

| पालिकाको | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति अवस्था | | | | दरबन्दी भित्रका करारको कर्मचारीको पारिश्रमिक खर्च रु. |
|---|---|---|---|---|---|---|
| | | स्थायी | दरबन्दीभित्र करार | दरबन्दी बाहेक | जम्मा पदपूर्ति | |
| फिक्कल पाउँपालिका | २०८ | ५१ | ९४ | ० | १४५ | ५२८०५१९३.३२ |
| जम्मा | २०८ | ५१ | ९४ | ० | १४५ | |

३४ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले गोसाइकुण्ड मेडिसन सप्लायर्सबाट इ बिडिङ्गमार्फत रु.७०५२६३ र सोझै खरिदमार्फत किरातेश्वर आयुर्वेद फर्माबाट रु.२०१०४९, देवदत्त मेडिको फर्माबाट रु.७८७९२, केदारनाथ मेडिसिन सप्लायर्सबाट रु.४४२६०८, गोसाइकुण्ड मेडिसन सप्लायर्सबाट रु.३६३८९१ र देवता मेडको फर्माबाट रु.२४९५७६ गरी रु.२०४११७९ को औषधि र सर्जिकल सामान खरिद गरेको देखिन्छ।औषधी अभिलेखको लागि प्रयोग गरिने सफ्टवेयर ELMIS मार्फत अभिलेख राख्ने गरेकोमा पालिकाले हाल उक्त सफ्टवेयरको सट्टा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागु गरेको र पहिलेको सफ्टवेयरबाट औषधी मौज्दातको जिम्मेवारी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अध्यावधिक नभएको कारण औषधिको प्रयोग र मौज्दात यकिन गर्न सकिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३५ **बहुक्षेत्रीय पोषण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनुपर्ने उल्लेख छ। त्यस्तैगरी बहुवर्षीय पोषण योजना-तेस्रो २०८०।०८१ क अध्याय ७ को बुदा नं. ७.२ मा स्थानीय तहले नियमित रुपमा योजनासम्बन्धी कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति एवम् अनुगमन प्रतिवेदन सम्बन्धित मन्त्रालय, प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालय लगायतका निकायमा पठाउनुपर्ने व्यवस्था छ। पालिकामा यो कार्यक्रम आर्थिक वर्ष २०७७/०७८ देखि लागू भई हालसम्म निरन्तर रहेको छ। यस वर्ष सङ्घीयतर्फ १ करोड ३६ लाख ३५ हजार र पालिकातर्फबाट रु.५ लाखसमेत रु.१४१३५००० बजेट विनियोजन भएकोमा देहायअनुसार विभिन्न ७ विषय क्षेत्र अन्तर्गत विभिन्न २४ क्रियाकलाप सञ्चालन गरी रु.१३५४१००० खर्च गरेको छ।

बहुक्षेत्रीय पोषण कार्यक्रम २०८१।०८२

| क.स | क्षेत्र | कार्यक्रमको नाम | विनियोजित बजेट | वितीय प्रगति | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **शासकीय प्रबन्ध विकास क्षेत्र** | वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा पोषण कर्नरको स्थापना | २००००० | ३९४८५७ | ६ वडा कार्यालय र ६ स्वास्थ्य चौकी | |
| | | वडा र स्वास्थ्य चौकी कार्यालयमा स्तनपान कक्षको स्थापना | २००००० | | ४ वटा संस्था | |
| | | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | २००००० | १८६४५० | | २ पटक सम्पन्न |
| | | गाँउपालिकाको पोषण पाश्र्वचित्र र पोषण स्थिती पत्र निर्माण कार्यक्रम | ४००००० | ३९६८८० | | सम्पन्न |
| | | पोषणकेन्द्रीत सवालहरु गाउँपालिका र वडाहरुमा जानकारीमुलक फोटो फ्रेम प्रदसनी | १००००० | १००००० | ४ वटा संस्था | |
| | | पोषणमैत्री स्थानी तह घोषणाको सिकाई अवलोकन भ्रमण | ४००००० | ४००००० | | सम्पन्न |
| | | पोषण सुधारमा गरिएका असल अभ्यास सम्बन्धी वृत्त चित्र निर्माण कार्यक्रम | ३००००० | २९८३२० | | सम्पन्न |
| | | पोषणमैत्री वडा घोषण कार्यक्रम तथा विविध | १३०००० | १२१३२६ | | सम्पन्न |
| | | अनुगमन तथा फिल्ड भत्ता | २००००० | २००००० | | सम्पन्न |
| | | ढुवानी खर्च | १७०००० | १६२५०० | | सम्पन्न |
| २ | **महिला तथा बालबालिका विकास क्षेत्र** | सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ३००००० | २८२५०० | २८० जना | सम्पन्न |
| ३ | **शिक्षा विकास क्षेत्र** | पोषण तथा बाल अधिकारको स्थानीय पाठ्यक्रम निर्माण तथा छपाई कार्यक्रम | १२०००० | ११८३०० | ५४ विद्यालय | |
| | | एक मा. वि. एक फलामे टनेल (करेसा बारी) निर्माण कार्यक्रम | ४००००० | ३८९०४४ | ८ विद्यालय | |
| | | प्रारम्भिक बालविकास केन्द्रका सहजकर्तालाई पोषण तथा बाल पोषण भत्ता सम्बन्धी अभिमुखीकरण | १००००० | ८९५०० | ५४ शिक्षिका | |
| ४ | **कृषि विकास क्षेत्र** | स्थानीय स्तरमा पाईने रैथाने बाली प्रवर्द्धन र अभिमुखीकरण कार्यक्रम | १००००० | ९९८०० | १३२ जना | |
| | | खाद्य स्वच्छता र गुणस्तर परिक्षणको बजार अनुगमन कार्यक्रम | ५०००० | ४९००० | ४ दिन | सुम्नामवेसी देखि नागथामसम्म |
| | | कृषकहरुलाई जैविक विषादी र प्राङगारिक मलप्रबर्द्धन कार्यक्रम | ३००००० | २९८६७६ | ३७६ जना | १२ पटक |
| | | कृषकहरुलाई एकीकृत सत्रुजीव व्यवस्थापन तालिम | ३००००० | २९२७२५ | ७० जना | ३ वटा |
| | | एक घर ५ फलफूल विरुवा कार्यक्रम | ३००००० | २९९९३० | ५४४ जना | सम्पन्न |
| | | एक घर एक करेसाबारी निर्माण तथा प्रबर्द्धन कार्यक्रम | १६८००००० | १६८०००० | १०७ घर धुरी र ५ विद्यालय | |
| ५ | **पशुपन्छी विकास क्षेत्र** | लक्षित बर्ग का घरपरिवारलाई सुधारिएको खोर गोठ प्रबर्द्धन तथा आवश्यक सामाग्री वितरण कार्यक्रम | ३०००००० | ३०००००० | ३०० घर धुरी | |
| ६ | **खानेपानी तथा सरसफाइ क्षेत्र** | एक घर एक जुठेल्नो प्रबर्द्धन तथा आवश्यक सामाग्री वितरण कार्यक्रम | २०५०००० | २०४९९८९ | ६६९ घर धुरी | |
| | | जुठेल्नो निर्माण गर्ने घरपरिवारलाई शुद्ध खानेपानीको लागि फिल्टर उपहार कार्यक्रम | ९००००० | ८९१४४० | ४८० घर धुरी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | **स्वास्थ्य विकास क्षेत्र** | पोषणमैत्री स्वास्थ्य चौकी निर्माण कार्यक्रम | ६००००० | ५९६८५० | ३ वटा स्वास्य संस्था | सम्पन्न |

उल्लिखित कार्यक्रम सञ्चालन गरेकोमा इकाई, परिमाण बमोजिम लक्ष्य निर्धारण र सो अनुसार लक्ष्य प्रगति प्राप्त भयो भएन भनी एकिन गर्न सकिने भौतिक प्रगति विवरण तयार गरेको छैन।नियममा भएको व्यवस्था अनुसार अनुसूचीमा तोकिएबमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्ने, तोकिएको तालुक कार्यालयमा तोकिएको अवधिमा पेस गर्ने कार्य गरी अभिलेख र प्रतिवेदन अद्यावधिक गर्नुपर्दछ।

३६ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेसन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा यो वर्ष ७९ प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाले यो वर्ष ११० न्यानो झोला खरिद गरी रु.९८९४२ खर्च लेखेको छ। खरिदमध्ये विभिन्न वर्थिङ सेन्टरहरुमा ७९ थान वितरण गरी गत आ.व. को ३ र यो वर्षको मौज्दात ३१ समेत ३४ थान न्यानो झोला मौज्दातमा रहेको देखियो। खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरी प्रतिवेदन लिएको देखिएन। मौज्दातमा रहेको न्यानो झोलाको गुणस्तरमा ह्रास नहुने गरी भण्डारको व्यवस्था मिलाउनुपर्छ।

३७ **सुनौलो हजार दिन**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वियन कार्यविधि २०८२ को दफा ६ को १(ख)मा विनियोजन बजेट सुनौलो हजार दिनका विपन्न महिला पोषण सुधारको लागि आयआर्जन अनुदान कार्यक्रम सञ्चालन गर्नुपर्ने, साथै दफा ७ को २(झ)मा छनौट भएका लाभग्राहीलाई जनही रु.२५००० को दरले बैङ्क खातामा उपलब्ध गराउनुपर्ने र लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चित कार्यालयले गर्नुपर्ने कुरा उल्लेख छ। पालिकाले वडा नं २ का ९ आमा समूह, वडा नं. ५ का ९ आमा समूह र वडा नं. ३ का ९ महिला समूहलाई प्रति समूह रु.२५००० का दरले २७ समूहलाई बीउपूँजी बापत रु.६७५००० नगदै भुक्तानी गरेको देखियो।लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चित हुने गरी पालिकाले अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। कार्यविधिको पालना गरी अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ।

३८ **सामुदायिक सिकाइ केन्द्र**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि,आर्थिक वर्ष २०८१।८२ को दफा ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु. ३ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।सामुदायिक सिकाइ केन्द्रले परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१०००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले तीन सामुदायिक अध्ययन/ सिकाइ केन्द्रलाई देहायअनुसार निकासा गरेकोमाकार्यक्रम कार्यान्वियन कार्यविधिमा व्यवस्था भएबमोजिम सबै मापदण्ड पूरा नगरी निकासा दिएको तथा परिचालिका पारिश्रमिकसमेत बैङ्किङ्ग प्रणालीमार्फत गरेको नदेखिएकोले उक्त खर्च नियमसम्मत नभएको रु.

| सामुदायिक सिकाइ केन्द्र | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| पोखरी सामुदायिक सिकाइ अध्ययन केन्द्र | ३००००० | परिचालिकाले पारिश्रमिक नगदै बुझेको |
| सामुदायिक सिकाइ केन्द्र रत्नावती | ३००००० | परिचालिकाले पारिश्रमिक नगदै बुझेको |
| सामुदायिक सिकाइ केन्द्र सोल्पा | ३००००० | परिचालिकाले पारिश्रमिक नगदै बुझेको |
| जम्मा | ९००००० | |

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

३९ **दिवाखाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ। जसमा विद्यार्थीहरुलाई नियमित रुपले दिवा खाजा प्राप्त गर्ने वातावरणको सुनिश्चितता गर्न पहिलो त्रैमासिकको सुरुमै नै बजेट निकासा गर्ने र स्थानीय तहले दोस्रो त्रैमासिकदेखि बजेट निकासा गर्दा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलब्ध गराइएका विद्यालयको स्थानीय तहले दिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ।प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ । खाजाबापतको खर्च गर्दा यस पालिकाको अधिकांस विद्यालयहरुबाट विद्यार्थी संख्या र सो विद्यार्थी संख्याको पठाइएको हाजिरी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितको अध्यक्षबाट प्रमाणित गरेर पठाएको देखिएन। पालिकाले दिवाखाजावापत विभिन्न समयमा दैनिक खाजा प्रतिविद्यार्थी रु.१५ का दरले २२६८ विद्यार्थीहरुको लागि ५४ विद्यालयहरुलाई रु.५४२०३२५ निकासा गरेको छ। सबै विद्यार्थी सबै दिन उपस्थित भए भएन भन्ने यकिन गर्न विद्यार्थीको हाजिरी विवरण परीक्षण गर्ने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई अनुगमन गरी दिवा खाजावापतको रकम निकासा गर्नुपर्दछ ।

## ४० प्रतिविद्यार्थी लागत र शैक्षिक गुणस्तर

प्रतिविद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| संघीय सरकार-सशर्त | १८५२२४००० | १७०९२११९९ | ४८९४ | 40.015 |
| प्रदेश सरकार | ५८१६००० | ४५६४३६३ | | |
| स्थानीय सरकार | ४२७४७७४५ | ३९९२६४९३ | | |
| जम्मा | २३३७८७७४५ | २१५४१२०५५ | ४८९४ | ४४०१५ |

**शैक्षिक गुणस्तर**

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको नतिजा देहायबमोजिम रहेको छ

| एस.ई.ई परिक्षामा सहभागी जम्मा विद्यार्थी संख्या | उतीर्ण विद्यार्थी संख्या | उतीर्ण प्रतिशत | जी.पी.ए को अवस्था | |
|---|---|---|---|---|
| सामुदायिक | सामुदायिक | सामुदायिक | जी.पी.ए | सामुदायिक |
| ३४१ | ३२६ | ९५.६० | ३.६१-४.०० (A+) | ० |
| | | | ३.३१-३.६०(A) | ४ |

माथिको तालिकाहरु अध्ययन गर्दा यस पालिकाअन्तर्गत विद्यालयका प्रतिविद्यार्थी लागत वार्षिक रु. ४४०१५ रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयतर्फ ३४१ जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा ३२६ जनामात्र (९५.६० प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जि.पि.ए. ल्याएर कोही पनि उतीर्ण भएका छैनन भने ३.२१-३.६०(A) जि.पि.ए. ल्याएर उतीर्ण हुने ४ जना मात्र छन। यसरी सामुदायिक विद्यालयमा सरकारको लगानी भईरहँदा पनि शैक्षिक गुणस्तर कमजोर देखिन्छ। शैक्षिक गुणस्तरमा सुधार हुनेगरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

## ४१ सेनिटरी प्याड

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।०८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार गर्नुपर्ने वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने तथा प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउनुपर्ने खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कायम हुने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले यो वर्ष बोलपत्र मार्फत १७८५० प्याकेट सेनिटरी प्याड खरिद गरी जस्मिन हाइजिन प्रोडक्ट प्रा लि लाई रु.५३५५२६(मू.अ. करसमेत) भुक्तानी गरेको छ। खरिद गरेकामध्ये १३५३६ वितरण गरी विद्यालयमा पठाएको र ४३१४ प्याकेट मौज्दात देखाएको छ।कार्यक्रम कार्यान्वयन कार्यविधिमा १० महिनाको लागि खरिद गर्नुपर्ने भनी उल्लेख भएकोमा पालिकाले विद्यार्थी संख्या र १० महिनाको लागि भनेर विवरण खुलाई माग र आवश्यकताका आधारमा खरिद गरिएको देखिएन।पालिकाले माग र आवश्यकताका आधारमा कार्यविधिको पालना गरी खरिद गर्नुपर्दछ र मौज्दात रहेको सेनिटरी प्याडको गुणस्तर कायम हुनेगरी भण्डारण व्यवस्था मिलाउनुपर्दछ।

४२ **पुस्तकालय र आइ सि टि ल्याव**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व २०८१।०८२ को क्रियाकलाप नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर र सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आइ सी टी ल्याव व्यवस्थापन लागि विद्यालयहरुको छनौट गरी विद्यालयलाई प्रति विद्यालय रु. ६५००००।०० का दरले अनुदान दिने व्यवस्था छ। पालिकाले पुस्तकालय व्यवस्थापनबापत श्री जनजागृती मा.वि ढोडेनी, तथा आइ सि टि ल्याबबापत श्री फिक्कल मा.वि सोल्पा र श्री मा.वि. सुम्नाम सुन्तले चण्डिभञ्ज्याङसमेत प्रति विद्यालय रु.६५०००० का दरले तीन विद्यालयलाई रु.१९५०००० निकासा भएको छ।विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन र आइ सि टि ल्याबका लागि खरिद गरिएको बिल भर्पाईका आधारमा निकासा दिएकोमा सोको दाखिला प्रतिवेदन, सामानको अवस्था र उपयोगको सम्बन्धमा पालिकाबाट अनुगमन प्रतिवेदन तयार गरेको देखिदैन। तसर्थः पालिकाबाट पुस्तकालय र आइ सि टि ल्याब सञ्चालन भएको सम्बन्धमा सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

४३ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो वर्ष ५४ सामुदायिक विद्यालयहरुलाई ७५ प्रतिशत हुने रकम पहिलो किस्ता र नपुगसमेत रु. २८१५८४५।०० निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिम विद्यार्थी संख्या, विषयगत र कक्षागत पाठ्यपुस्तकको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको देखिएन ।विद्यालयहरुले पेस गरेको पाठ्यपुस्तक खरिदको बिलबमोजिम शिक्षा शाखाबाट सिफारिस गरेको आधारमा निकासा दिइएको छ ।सत्यापन नगरी रकम निकासा गरेकोमा विद्यार्थी संख्या, कक्षागत र विषयगत विवरणको आधारमा पाठ्यपुस्तक रकम निकासा गरिएको यथार्थ छ भनी आश्वस्त हुन सकिएन। पाठ्यपुस्तक रकम निकासा गर्दा कार्यविधिको परिपालना हुनुपर्दछ।

४४ **शिक्षक दरबन्दी र पदपूर्ति**

शिक्षा नियमावली २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम हुनुपर्ने कुरा उल्लेख छ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | | राहत शिक्षक | अनुदान शिक्षक (सङ्घ र प्रदेश ) | जम्मा शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | | | |
| १ | ५४ | १२० | १०५ | १५ | १०३ | ७३ | २९६ | ४८९४ |

उल्लिखित विवरणअनुसार पालिकामा ५४ वटा विद्यालयमा १२० शिक्षक दरबन्दी स्वीकृत गरेकोमा १०५ स्थायी र १५ करार तथा १०३ राहत र ७३ अनुदान शिक्षक गरी कुल २९६ नियुक्ति गरिएको छ।

### ४५ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । साथै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ४१ विद्यालयमध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री चम्पादेवी प्रा.वि. पाहारेपानी | २ | ५ | १:०२ |
| २ | श्री पटनदेवी प्रा.वि. धमिनी | ३ | १२ | १.०४ |
| ३ | श्री सिद्देश्वरी प्रा.वि. पोटी | ३ | १५ | १:०५ |
| ४ | श्री प्रा. वि. सुम्नाम ओख्रेनी | ४ | २३ | १:०५ |
| ५ | श्री कालिका प्रा.वि. खोलागाँउ | २ | १३ | १:०६ |
| ६ | श्री जनता आधारभुत विद्यालय भीरगाँउ | ७ | १४४ | १:२० |
| ७ | श्री मा.वि. सालुके | १४ | ३१५ | १:२३ |
| ८ | श्री जनकल्याण प्रा.वि. पाथिभारा | २ | ४६ | १:२३ |
| ९ | श्री प्रकाशोदय मा.वि. खोलागाउँ | १२ | २८६ | १:२३ |
| १० | श्री मा.वि. महादेवडाँडा | १६ | ३९४ | १:२६ |

उल्लिखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या २४५ जना रहेकोमा विद्यार्थी संख्या ४८९४ रहेको छ । पालिकाका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०२ देखि अधिकतम १:२६ रहेको छ भने ५४ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको छ। पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ।सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्दछ

### ४६ सामाजिक सुरक्षा भत्ता तर्फः

**भत्ता वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३, ४ र ५ ले लाभग्राहीको नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी र अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। गाउँपालिकाले यो वर्ष ६ वडाहरुमा १९१४ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापत कूल रु.६९४३७५९४।- वितरण गरी खर्च लेखेकोमा देहायअनुसार वेहोरा देखिएका छन्:

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व. को कार्तिक मसान्तभित्र अनुसूची (२) बमोजिमको ढाँचामा सम्बन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा लाभग्राहीबाट दरखास्त लिने गरेको देखिएन।

• कार्यविधिको दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय समिति गठन

गर्नुपर्ने व्यवस्था भएकोमा समिति गठन भएको र मूल्याङ्कनको कार्य भएको देखिएन।

• कार्यविधिको दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समीक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश गरी समीक्षा गरेको देखिएन।

• सोही कार्यविधिको दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुले समेत सार्वजनिक गरी राख्नुपर्ने, दफा (३४) बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा वेभसाइटमा राख्ने तथा सार्वजनिक सुनुवाई गरेको देखिएन।

तसर्थ: कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरु दर्ता, नविकरण, लगतकट्टा समेतको अद्यावधिक अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

४७ **सूचनाको हक**

राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौँको प.सं.२०८१।०८२ च.नं. ४४२ को निर्णय कार्यान्वियनसम्बन्धी निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचना हकसम्बन्धि नियमावली,२०६५ बमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नेसम्बन्धमा सूचना अधिकारी तोकेको कि नतोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरे नगरेको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरे नगरेको, वेव साइट भए नभएको वेवसाइट भएमा नियमित अद्यावधिक हुने गरेको नगरेको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखे नराखेको सम्बन्धमा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयलाई पत्र लेखिएको छ। पालिकामा सूचनाको हकको कार्यान्वियनसम्बन्धमा परीक्षण गर्दा सूचना अधिकारी तोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरिएको, वेव साइट भएको, वेवसाइट नियमित अद्यावधिक हुने गरिएको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखिएको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरेको पाइयो। पालिकाले नागरिकको सूचनाको हको सम्बर्द्धन संरक्षण र प्रचलनमा निरन्तरता कायम राख्नुपर्दछ।

४८ **असारमा पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ५०(४)मा आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नपाइने व्यवस्था छ। पालिकाले यस वर्ष देहायअनुसार असारमहिनाको अन्त्यमा पेश्की दिएको पाइयो। उक्त पेश्की वाँकी विभिन्न मितिमा फस्र्यौट गरिएको र लेखापरीक्षण अवधिमा फस्र्यौटको फाँवारी पेश गरेको आधारमा पेश्की वाँकी लगती कायम गरिएको छैन।आर्थिक वर्षको अन्त्यमा पेश्की दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्मवा कम्पनीको नाम | कर्मचारी भए पद | खर्च उपशिर्षक | चालुआ. व. म्याद ननाघेको | | पेश्की मिति र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | रकम | फछ्र्योटकोअन्तिम म्याद | |
| १ | ०३/२०/२०८२ | २५० | शैक्षिकसुशासनका लागि सस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | अनिलखत्री | सहायकपाँचौ | २५३११ | १२०००० | ०४/२३/२०८२ | २३-२ |
| २ | ०३/२०/२०८२ | २५० | शैक्षिकसुशासनका लागि सस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | अनिलखत्री | सहायकपाँचौ | २५३११ | २००००० | ०४/२३/२०८२ | |
| ३ | ०३/२५/२०८२ | ३०५ | स्थानीयतहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारीप्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | देवबहादुर बुढाथोकी | अधिकृतछैठौं | २२५२२ | १००००० | ०४/२८/२०८२ | २८-२ |
| ४ | ०३/२५/२०८२ | ३०५ | रोजगारसंवाद मञ्चको सञ्चालन | देवबहादुर बुढाथोकी | अधिकृतछैठौं | २२५२२ | ३०,०००.०० | ०४/२८/२०८२ | |
| ५ | ०३/२५/२०८२ | ३१२ | पोषणमैत्रीगाउँपालिका घोषणा कार्यक्रम | संदीपउपाध्याय | अधिकृतस्तरछैठौं | २२५२२ | ४००००० | ०४/२८/२०८२ | १४१- |
| जम्मा | | | | | | | ९८०००० | | |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत सूचीकृत कूल १२०२ जना सूचीकृत बेरोजगार संख्यामध्ये ५ वडामा २२ वटा योजना सञ्चालन गरी यस वर्ष ८९ जनालाई औसत ८६ दिनले ७६८४ दिन रोजगारी उपलव्ध गराई रु.५०८६१५२ श्रमिक ज्याला खर्च गरेको छ।पालिकाले सूचीकृत बेरोजगारहरु २१८८ मध्ये ३.३९ प्रतिशतलाई मात्र रोजगारी उपलब्ध गराएको देखिन्छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट ८९ जनालाई मात्र लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भएको देखिएकोले धेरै भन्दा धेरैलाई रोजगारी दिने गरी योजना कार्यान्वयन भएको तथा कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ: कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्य सञ्चालन गर्नुपर्दछ।

५० **पाम्समा दाखिला नभएकोः**

कार्यालयले खरिद गरेका सबै सामान तोकिएको अनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेख जनाइ सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ । कार्यालयले भुउपयोग वर्गिकरण, सडक गुरुयोजना तर्जुमा, भवन संहिता, आवधिक योजना निर्माण, वातावरण प्रभाव मुल्यांकन, भिलेज प्रोफाइल तयार गर्ने कार्यको लागी रु २४९९९०० को लागत अनुमा स्वीकृत गरी सम्भाव्यता अध्ययन गराई परामर्श सेवा खरिद कार्यका लागि पिकासो जेनिसिस सि डि सी जेभीसँग म्याद थप समेत मिति २०८२/५/३१ मा कार्य सम्पन्न गर्नेगरी मुल्य अभिवृद्धि कर समेत रु. २४८५३६४।३८ मा सम्झौता गरेको देखियो। सम्झौता बमोजिम प्रथम रनिङ विलवापत रु ९९४१४५ भुक्तानी भएको छ। प्रतिवेदन प्राप्त गरी पाम्स दाखिला हुने व्यवस्था गर्नुपर्दछ।

५१ **निशुल्क एम्बुलेन्स सेवाः**

पालिका आफ्नो क्षेत्र भित्र कार्यविधि स्वीकृत गरी मापदण्ड बनाई बजेटको परिधिभित्र रही खर्च गर्नुपर्दछ। पालिकाले पालिकावासी गर्भवती महिलाहरुको लागि स्वास्थ्य उपचारको लागि यातायात खर्चमा रु ७८८४०० र निशुल्क एम्बुलेन्स व्यवस्थापन खर्च रु ७००००० समेत रु १४८८४०० खर्च लेखेको छ।कति गर्भवती महिलालाई स्वास्थ्य संस्थासम्म कतिपटक सेवा पुर्याएको छ अभिलेख एवं अद्यावधिक विवरण तयार भएको देखिएन। कार्यविधि एवं मापदण्ड स्वीकृत नगरी खर्च लेखेको नियमसम्मत नभएको रु

| अनियमित भएको | १४,८८,४०० |
|---|---|

५२ **अन्य निकायको खर्चः**

स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ११ अनसार पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था गरी पालिकाले आफ्नो अधिकार क्षेत्रमा मात्र कार्य गर्नपर्ने व्यवस्था छ।नमनाको रुपमा परिक्षण गर्दा पालिकाले आफ्नो क्षेत्रमामा नपर्ने अन्य निकायको लागिदेहायअनसार रु.३३४५२६ बरारको घरभाडा सवारी इन्धन र मर्मत बापत भक्तानी गरेको देखियो ।यसरी आफ्नो कार्य क्षेत्रमा नपर्ने अन्य निकायकोको लागि गरिएको खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

| गो भौ नं./मिति | कार्यक्रम र निकाय | रकम |
|---|---|---|
| ३४०/२०८२।१।२३ | जिल्ला समन्वय समितिको कार्यालय सिन्धुलीको सवारी साधन मर्मत गरी जालपा अटो वर्क्सलाई भुक्तानी | १३४५२६ |
| २२४/२०८१।१२।०६ | सिन्धुली जिल्ला खेलकुद विकास समितिलाई सहयोग | २००००० |
| **जम्मा** | | **३३४५२६** |

५३ **वालविकास सहजकर्ताः**

स्वीकृत दरवन्दी बमोजिम तलवभत्ता खर्च भुक्तानी गर्नुपर्दछ।पालिकाले गौरी, आहालडाँडा, गोठडाँडा, सल्ले, मेडिखोला, थाक्ले, बाँसवारी गूरुङछाप, परेवाथुम्का र डाँडागाउँ समेत १० वालसिकाई केन्द्र प्रत्येकका लागि १ सहजकर्ता नियुक्त गरी सिकाइ केन्द्र खर्चको लागी शैक्षिक संस्थालाई सहायता शिर्षक बजेट विनियोजन गरी रु २३३२८५० खर्च गरेको देखियो।स्वीकृत दरवन्दी वेगर सहजकर्ता तलव भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | २३,३२,८५० |
|---|---|

५४ **खर्च प्रमाण पेश नगरेकोः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६७१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : फिक्कल गाउँपालिका, सिन्धुली , फिक्कल गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | डम्बर बहादुर रजन मगर | २०८०-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोविन्द जि.सी. | २०८०-०८-२० | २०८१-०९-१४ |
| लेखा प्रमुख | मुकुन्द धिताल | २०८१-११-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २९९,६२० | १४,३९८,४६८ | ३,८७९,८७६ | ० | ० | १,३००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,८७७,९६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ४,८२९,४९६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,०४८,४६८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३५२३५११५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२९९०९९२०.८२ | चालु खर्च | ३६२२५८८९५.१३ |
| प्रदेश सरकारबाट अनुदान | ५२६७३००० | पूँजीगत खर्च | ९९२१४३७१.२८ |
| राजश्व बाँडफाँट | १०३९३०६०६.१३ | वित्तीय/अन्य व्यवस्था | १२२८३८७१३.५७ |
| आन्तरिक आय | ११९०८८५४.१ | | |
| अन्य आय | ९०४०४४५४.३५ | | |
| कुल आय | ५८८८२६८३५.४० | कुल खर्च | ५८४३११९७९.९८ |
| बाँकी मौज्दात | | ३९७४९९७०.४२ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १०,६७,८२,७८१.१६ | १०,६७,८२,७८१.१६ | १०,०४,६३,३७४.५१ | १०,०४,६३,३७४.५१ |
| १३००० | अनुदान | ३४,९७,२१,६१७.२१ | ३४,९७,२१,६१७.२१ | ३५,४७,६९,८००.६० | ३५,४७,६९,८००.६० |
| १४००० | अन्य राजस्व | ८२,७५,०३०.०७ | ८२,७५,०३०.०७ | ६०,०३,८७६.९३ | ६०,०३,८७६.९३ |
| १५००० | विविध प्राप्ति | ७,३०,९४९.०० | ७,३०,९४९.०० | १०,१९,२५७.०० | १०,१९,२५७.०० |
| क | **कुल जम्मा प्राप्ति** | ४६,५५,१०,३७७.४४ | ४६,५५,१०,३७७.४४ | ४६,२२,५६,३०९.०४ | ४६,२२,५६,३०९.०४ |
| ३ | चालु | ३६,२२,५८,८९५.१३ | ३६,२२,५८,८९५.१३ | ३२,९४,२४,३२०.०२ | ३२,९४,२४,३२०.०२ |
| २१००० | पारिश्रमिक / सुविधा | ५,९६,६७,९७५.८६ | ५,९६,६७,९७५.८६ | १८,१४,६१,३९५.१६ | १८,१४,६१,३९५.१६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३,५३,३४,६१८.२७ | १३,५३,३४,६१८.२७ | ८,६७,२८,०१८.८६ | ८,६७,२८,०१८.८६ |
| २५००० | सहायता (Subsidy) | १६,६६,३९,४४१.०० | १६,६६,३९,४४१.०० | ४,२५,०५,३६७.०० | ४,२५,०५,३६७.०० |
| २६००० | अनुदान | ० | ० | ९७,२०,१५५.०० | ९७,२०,१५५.०० |
| २७००० | सामाजिक सुरक्षा | ० | ० | ७१,१७,३०७.०० | ७१,१७,३०७.०० |
| २८००० | अन्य खर्च | ६,१६,८६०.०० | ६,१६,८६०.०० | १८,९२,०७७.०० | १८,९२,०७७.०० |
| ४ | पूंजीगत | ९,९२,१४,३७१.२८ | ९,९२,१४,३७१.२८ | १२,०१,८४,३९६.०० | १२,०१,८४,३९६.०० |
| ३१११० | भवन तथा संरचना | ८३,३२५.०० | ८३,३२५.०० | २,६४,५२,०२९.०० | २,६४,५२,०२९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५५,००,६९५.०० | ५५,००,६९५.०० | २१,५३,१९९.०० | २१,५३,१९९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,८२,७०,३१५.०० | ४,८२,७०,३१५.०० | १,६२,३५०.०० | १,६२,३५०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४,५३,६०,०३६.२८ | ४,५३,६०,०३६.२८ | ९,०९,०९,७०८.०० | ९,०९,०९,७०८.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ५,०७,११०.०० | ५,०७,११०.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४६,१४,७३,२६६.४१ | ४६,१४,७३,२६६.४१ | ४४,९६,०८,७१६.०२ | ४४,९६,०८,७१६.०२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ४०,३७,१११.०३ | ४०,३७,१११.०३ | १,२६,४७,५९३.०२ | १,२६,४७,५९३.०२ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | ४,७७,०४३.५७ | ४,७७,०४३.५७ | (२४,४१,८८८.०९) | (२४,४१,८८८.०९) |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | ४५,१४,१५४.६० | ४५,१४,१५४.६० | १,०२,०५,७०४.९३ | १,०२,०५,७०४.९३ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ३,५२,३५,८१५.८२ | ३,५२,३५,८१५.८२ | २,५०,३०,११०.८९ | २,५०,३०,११०.८९ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,९७,४९,९७०.४२ | ३,९७,४९,९७०.४२ | ३,५२,३५,८१५.८२ | ३,५२,३५,८१५.८२ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।